CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #३७

८।३।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## CCMC निर्देशक समितिका १० महत्वपूर्ण निर्णयहरु

१ क्वारेन्टाइनको स्तर सुधार गर्न व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई दिने

२ आइसोलेसन केन्द्र व्यवस्थापन गर्ने जिम्मा प्रदेश सरकारलाई दिने

३ प्रयोगशालाको क्षमता बृद्धि गरी पूर्ण क्षमतामा सञ्चालन गर्ने र नयाँ प्रयोगशाला थप गर्ने

४ रोजगारी दिने देश र रोजगारदाता कम्पनीले पनि खर्च नदिने श्रमिकको उद्धारका लागि निर्देशिका बनाउने

५ विदेशबाट ल्याएका शवको व्यवस्थापन गर्न श्रम तथा रोजगार मन्त्रालयले सुरक्षा निकायको सहयोग लिने

६ महिला, बालबालिका, बृद्धबृद्धा, फरक क्षमता भएका नागरिकको स्वास्थ्य परिक्षण र उपचा सहज बनाउने

७ कूटनीतिक नियोगमा काम गर्ने कर्मचारी र परिवारका सदस्यलाई आवश्यकता हेरेर जान र आउन छुट दिने

८ कोरोना रोकथामाका लागि ३५ करोड रुपैयाँ प्रदेश मार्फत् पालिकालाई निकासा दिने

९ बढी संक्रमण फैलिएको अवस्थामा, CCMC सँगको समन्वयमा प्रदेश सरकारले कुनै क्षेत्र वा पूरै जिल्ला सिल गर्ने

१० होल्डिङ सेन्टर तथा क्वारेनटाइनमा रहेका व्यक्तिलाई सहजिकरण गर्ने जिम्मा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई दिने

स्रोत: https://mofaga.gov.np/

## नेपाल अपडेट



वीरेन्द्रनगर-१२ नेवारेस्थित अमरज्योति नमूना माध्यमिक विद्यालयमा सामाजिक दूरी कायम गरेर पठनपाठन गरिदै

तस्बिर: दिनेश गौतम

### परिक्षण

पिसिआर परिक्षण: १,८१,३७१

पोजेटिभ: ९,५६१

उपचाररत: ७,३९०

मृत्यु : २३




Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



कोरोनाको भाईरस फलाममा लामो समयसम्म पनि मर्दैन भन्छन् । अहिले जतातत्तै पसल खुलेकाछन् । मान्छेबाट भन्दा पनि फलामका वस्तुबाट संक्रमण सर्ने डर भयो ।

विभिन्न अनुसन्धानलाई आधार मान्ने हो भने, तामामा ४ घण्टा, कपडा या काठमा १ दिन, सिसामा २ दिन, स्टिल वा प्लास्टिकमा ४ दिन र मेडिकल मास्कको बाहिरी सतहमा ७ दिन सम्म भाईरस जिवित रहन सक्छ । सो अवधिमा कुनै व्यक्ति यि वस्तुको सम्पर्कमा आएमा कोभिड - १९ को संक्रमण सर्न सक्ने सम्भावना रहन्छ । यसलाई मध्यनजर गर्दै स्वास्थ्य मन्त्रालयले स्वास्थ्य सेवा दिने क्षेत्र, क्वारेन्टाईन क्षेत्र, सार्वजनिक स्थान र संक्रमित वा शंका गरिएका व्यक्ति रहेको घरमा वातावरणिय सतह सरसफाई र निसंक्रमण बारे अन्तरिम मार्गदर्शन जारी गरेको छ ।

स्रोत: https://drive.google.com/file/d/1ux1Vm6ps9ZnbUp3nB6BqgYhNjvatFn__/view



सरकारले वैदेशिक रोजगारीमा रहेका नागरिकको उद्दार गरेको भनेको छ, तर सबै खर्च स्वयम् श्रमिकले नै व्यहोरिरहेका छन् । आउने खर्च नभएकाहरुको उद्दार हुन्छ कि हुँदैन ?

श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा गएका, करार अवधी नपुगी फर्कनु पर्ने अवस्थामा रहेका र गन्तव्य मुलुक वा रोजगारदाताबाट टिकट प्राप्त गर्न नसक्ने अवस्थामा रहेका व्यक्तिहरु मध्ये पनि, रोजगारको प्रकृती, आयस्रोत समेतका कारण आफ्नो खर्चमा स्वदेश फर्कन नसक्ने अवस्थामा भई अलपत्र परेका र कुटनैतिक नियोग वा श्रम सहचारीबाट उद्दार गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिहरुलाई तत्काल उद्दरको प्रकृया शुरु गर्नु भनी सर्वोच्च अदालतले अन्तरीम आदेश जारी गरेको छ ।

स्रोत: https://moless.gov.np/wp-content/uploads/2020/06/Returnee-Fund-Press-Release-077-3-4-scaled.jpg



फेरी सरकारले हचुवाको भरमा ठुलो मात्रामा स्वास्थ्य सामाग्री किन्दैछ रे ।

सरकारले पि.सि.आर. परिक्षणको दायरा बढाउने उद्देश्यले १ लाख ५० हजार परिक्षण गर्न आवश्यक पर्ने पि.सि.आर. रिजेण्ट र भि.टि.एम. खरिद प्रकृया सुरु गरेको छ । उक्त खरिद बोलपत्र कागजातमा तोकिएको गुणस्तरयुक्त सामानहरु उपलब्ध गराउन सक्ने गरी आवश्यक प्रमाणहरु बोलपत्रसाथ पेश भएका कागजातहरुको आधारमा प्राविधिक विषयहरुको मुल्यांकन गर्न गठित उपसमितिले प्राविधिक रुपमा सक्षम देखिएकाहरु मध्ये न्युनतम मूल्यांकित बोलपत्रलाई स्वीकृत गरिएको छ । उक्त खरिदको सम्झौता रकम २७ करोड २१ लाख स्वीकृत रहेको छ । अर्थात ३५.३४% कमी रही न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेको जानकारी स्वास्थ्य मन्त्रालयले गरेको छ ।

स्रोत: https://mocit.gov.np/categorydetail/cabinet-2077-3-2-decisions



अहिलेको संकटमा किशानलाई प्रोत्साहन गर्न सरकारले कृषि उपज उत्पादन हुनु भन्दा अगाडीनै मुल्य तोक्दैछ रे ।

किशानको उत्पादनको मुल्य सुनिश्चित गर्न सरकारले आर्थिक वर्ष २०७७/७८ का लागि मोटा धानको प्रति क्विन्टल न्युनतम मुल्य रु. २७३५ र मध्यम धानको प्रति क्विन्टल न्युनतम मुल्य रु.२८८५ तोकेको छ ।

स्रोत: https://mocit.gov.np/categorydetail/cabinet-2077-3-2-decisions

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | नेपाली | संक्रमित | नेपाली संक्रमित | मृत्यु भएका नेपाली |
|---|---|---|---|---|
| साउदी अरव | ३,३४,४५१ | १,५७,६१२ | १,५०० | ९ |
| कुवेत | ७१,१९३ | ४०,२९१ | ६५० | ३ |
| बहराईन | २६,००० | २१,७६४ | ४४० | ३ |
| कतार | ४,०६,९१७ | ८७,३६९ | १०,००० | ७ |
| युएई | २,२४,९०५ | ४४,९२५ | १,६०० | १९ |
| ओमान | १७,०५७ | ३१,०७६ | | |
| मलेसिया | ५००,००० | ८,५८७ | ८९ | |
| दक्षिण कोरिया | ३८,८६२ | १२,४३८ | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोतः https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## विदेशबाट फर्किदा काम लाग्ने केही प्रकृयागत जानकारी

**१**

केही महिना अगाडी नै विदेश स्थीत नेपाली दुतावासले आफ्ना नागरिकलाई अनलाईन फारम भराएका थिए । त्यसैको आधारमा प्राथमिकता निर्धारण गरी अब हुँदै गरेको उडानको लागि सूचि सार्वजानिक गरिन्छ । यसको जानकारी दुतावासले आफ्नै अफिसियल फेसबुक पेज र वेवसाईडबाट दिने गरेका छन् ।

**२**

नामको सूची सार्वजनिक भएपछी तोकिएको भाडादरमा टिकट लिनको लागि एयरलाईन्स कम्पनी वा उनिहरुका आधिकारिक एजेण्टहरुले सम्पर्क गर्दछन् । यदि फोन अथवा म्यासेज आएन भने आफैले सम्पर्क गर्नुपर्दछ ।

**३**

उडान तोकिएको दिन अरु साधारण बेला भन्दा १ देखी २ घण्टा चाँडो एयरपोर्ट पुग्नु पर्ने हुन्छ । कतिपय देशहरुमा पहिल्यै PCR पद्धतिबाट रिपोर्ट तयार पार्नको लागि गाईडलाईन्स दिईएको छ भने, कतिपय देशमा एयरपोर्टमा र्‍यापिट टेस्ट द्वारा कोरोना परीक्षण गरिन्छ । यदी कोरोना परीक्षणको नतिजा पोजेटिभ आएको खण्डमा उडान गर्न पाईँदैन ।

**४**

हाल नेपाल जानु भन्दा पहिले एउटा फारम भर्नु पर्ने हुन्छ । त्यो फारम नेपालको अन्तरराष्ट्रिय बिमानस्थलमा बुझाउनु पर्दछ । जसमा आफ्नो व्यक्तिगत विवरण र स्वास्थ्यको विवरण सहित पालना गर्नुपर्ने सबै मापदण्ड पालना गर्नेछु भनेर स्वघोषणा गर्नु पर्दछ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## संघिय सरकार

**जम्मा**

तिन पटक गरेर नेपाल सरकार
अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्व ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण,
रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्व २६ करोड**

**दाता**

ए.डि.बि.
करिव ३० अर्व ३३ करोड

विश्व बैंक
करिव ३ करोड ४८ लाख

आई.एम.एफ.
करिव १५ अर्व ८८ करोड

युरोपियन युनियन
करिव ९ अर्व ९४ करोड

**खर्च**

कोरोना भाईरस विरुद्धका गतिविधिमा
नेपाल सरकारले गरेको खर्च
स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब ४ अर्व १० करोड**

रक्षा मन्त्रालय माफर्त कोरोना रोकथाम
र नियन्त्रणका लागि चाहिने स्वास्थ्य
उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड** निकासा

## प्रदेश सरकार

| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.४ करोड | करिब २६.६ करोड | करिब ४२.९ करोड | करिब १८.३ करोड | करिब १५.६ करोड | करिब २५.४ करोड | करिब ४२.५ करोड |
| खर्च गरिएको रकम | करिब १९.३ करोड | करिब १३.३ करोड | करिब १३.६ करोड | करिब १५.४ करोड | करिब ७.७९ करोड | करिब २३.९ करोड | करिब ३६.४ करोड |

## हाल आईसोलेशनमा रहेका बिरामीलाई उपचार गर्न लाग्ने जम्मा खर्च



**७००५**

उपचारार्थ आईसोलेशनमा
रहेको संख्या



**२०**

प्रति व्यक्ति आईसोलेशनमा
बस्नुपर्ने औसत दिन



**रु. २,२००**

आईसोलेशनमा लाग्ने प्रति
दिन प्रति व्यक्ति खर्च

**रु. ३०,८२,२०,०००**

सबै बिरामीको उपचारमा लाग्ने खर्च

नेपालमा जम्मा संक्रमितको संख्या र आईसोलेशनमा उपचाररत बिरामीको संख्या अझै हरेक दिन जसो बढिरहेको छ । २०७७ असाढ ६ गते सम्मको तथ्यांक हेर्ने हो भने, उपचाररत रहेका मध्ये करिव ९८% बिरामी कि त आईसोलेशन केन्द्रमा छन् कि त अस्पतालको आईसोलेशनमा छन् । प्रदेश सरकारहरुको खर्च पनि आईसोलेशनको पूर्वाधार निर्माणमा भएको देखिन्छ । सरकारी स्रोतका अनुसार, संक्रमितको आईसोलेशनमा औसत बसाई २० दिन रहेको छ । त्यसै गरेर प्रतिदिन प्रति व्यक्ति खर्च करिव रु. २२०० हुन आउँछ । यसरी हेर्दा, हाल आईसोलेशनमा रहेका ७००५ उपचारार्थ बिरामीको लागि ३० करोड खर्च गर्नु पर्नेछ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## आईसोलेशन, उपकरण र उपचारमा छुट्याईएको रकमको प्रादेशिक तुलना




माथिको ग्राफले कोभिड - १९ का बिरामीको लागि प्रदेश सरकारले आईसोलेशन अस्पताल, उपकरण, पूर्वाधार, औषधी र उपचारको व्यवस्थापन गर्न छुट्याएको रकम देखाउँछ । यदि प्रति व्यक्ति आईसोलेशनको बसाई २० दिन र प्रति व्यक्ति प्रति दिन लाग्ने खर्च रु २,२०० लाई आधार मान्ने हो भने, हरेक प्रदेशले त्यहाँ अवस्थित आईसोलेशनमा उपचाररत बिरामीको लागि आवश्यक अनुमानित खर्चको हिसाव गर्न सक्नेछन् । त्यहाँ स्थित आईसोलेशनमा सहेका बिरामीको संख्यालाई जम्मा बिनियोजित रकमसंग तुलना गर्ने हो भने, प्रदेश नं. ५ ले निकासा रकमको ४९% रकम र प्रदेश नं. २ ले ३५% रकम खर्च गर्नु पर्दछ । सुरुमा हेर्दा यो रकम धेरै नदेखिन सक्छ, तर संक्रमितको संख्या बढ्ने क्रम अझै जारी छ । पूर्वाधार निर्माण, स्वास्थ्य उपकरण र औषधी जस्ता मुख्य शिर्षकमा खर्च हुन बाँकी नै छ । अहिलेको अवस्था हेर्दा, प्रदेश नं. २ र प्रदेश नं. ५ को लागि छुट्याईएको रकम चाँडै सकिने छ । तुलनात्मक विश्लेषणको लागि गण्डकी प्रदेशको विवरण प्राप्त हुन सकेको छैन ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

# वैदेशिक रोजगारीबाट फर्किने श्रमिकको पुनर्एकिकरण

स्वदेश फिर्ता हुन पाउँ भनेर विबिभिन्न देशबाट फारम भर्ने नेपालीको संख्या **६ लाख**

प्राथमिकताका आधारमा फिर्ता ल्याउन निश्चित गरिएको **३० देशबाट** **२४,१४८ जना**

**३ लाख ५० हजार** भारतबाट नेपाल फर्कन चाहिरहेका नेपाली मध्ये

**२ लाख ५० हजार** नेपालीहरु सीमा प्रवेश गरिसकेका छन्



## अवसर

१. श्रमिकहरु विश्व श्रम बजारबाट खालि हात फर्किदैनन् । उनिहरु ज्ञान सिप र अनुभव पनि संगै लिएर आउनेछन् । यो देशको लागि ठुलो सम्पती हो ।

२. उनिहरुको विज्ञताको उपयोग गरेमा देशले विकासको गती बदल्न सक्छ ।

## चुनौती

१. वैदेशिक रोजगारीबाट फर्किनेहरुलाई समाजमा भाईरसका वाहक भनेर चिनिन थालियो ।

२. विदेशबाट फर्किएका श्रमिकलाई व्यवस्थापन गर्न प्रयाप्त र मापदण्ड अनुसारका क्वारेन्टाईनको व्यवस्था गरिएको छैन ।

३. वैदेशिक रोजगारीमा रहेका श्रमिकले रोजगारी, आयस्रोत गुमाएकाछन् र अब जिविकोपार्जन चलाउन संघर्ष गर्नुपर्नेछ ।

४. वैदेशिक रोजगारीबाट फर्केर आउने श्रमिकको तथ्यांक नहुँदा उनिहरुको आवश्यकता पहिचान गरी नीति निर्माणमा कठिनाई हुनेछ ।

५. वैदेशिक रोजगारीबाट फर्केर आउने श्रमिकको सामाजिक, आर्थिक र राजनैतीक पुनर्स्थापन गर्न सकिएन भने, मानव तस्करी र समाजिक हिंसा लगाएतका घटनाहरु बढेर जानेछन् ।

## समाधान

१. नीति निर्माण तथा कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तिनै तहबिच समन्वय गर्न सकिन्छ ।

२. सबैलाई कृषिमै अवसर सृजना गर्ने परमपरागत अवधारणा भन्दा पनि उद्यमलाई प्रोत्साहन गर्ने योजना अगाडी सार्न सकिन्छ ।

३. विदेशबाट फर्किएका श्रमिकमात्र नभई उनिहरुको परिवारका सदस्यको जिविकोपार्जनमा सहयोग पुग्ने गरी पुनर्एकिकरणका कार्यक्रम ल्याउन सकिन्छ ।

४. विदेशबाट फर्किएका श्रमिकलाई लाभमुलक क्षेत्रमा रोजगारी सृजना गर्न प्रविधिमा आधारित पुनर्एकिकरणका कार्यक्रम ल्याउन सकिन्छ ।

५. विदेशबाट फर्किएका श्रमिकको ज्ञान, सिप र विशेषज्ञताको समुचित उपयोग गर्न स्थानीय सरकारको क्षमाता विस्तार गर्न सकिन्छ ।

६. फर्केका, फर्किन तयारी गरेका र उनिहरुको परिवारका सदस्यको संख्या अधावधिक गरी सार्वजनिक गर्न सकिन्छ ।

७. महिला, फरक क्षमता भएका वा अन्य अति जोखिमयुक्त समुहलाई तत्कालिन राहत, न्याय र दिर्घकालिन जिविकोपार्जनको व्यवस्था गर्न सकिन्छ ।

सही सूचना

# परीक्षणको गति सुस्त, संक्रमणको गति तिव्र ।
# के हामी परिक्षणको गतिमा पछाडी परेकै हौं ?

## दैनिक पि.सि.आर. परीक्षण, औसत परीक्षण र जम्मा कोभिड - १९ का केसहरु




माथिको ग्राफले कोभिड - १९ को दैनिक पि.सि.आर. परीक्षण अन्तिम तिन हप्ता भन्दा दोब्बर भएको देखाउँछ । अर्को तर्फ, सोही अवधीमा नयाँ संक्रमितको संख्या चार गुणाले बढेको छ । यसले नेपालमा दैनिक परीक्षण र तिव्र गतिमा संक्रमितको संख्या विच ठुलो अन्तर छ भन्ने देखाउँछ । संक्रमित पहिचान गर्न पि.सि.आर. प्रविधि एक मात्र भरपर्दो माध्यम हो । आउँदा दिनमा परीक्षणको दायरा विस्तार गर्नु नेपालको लागि चुनौतीको विषय हो । यसले के हामी कोरोना भाईरस महामारीसंग जुझ्न असफल भएकै हौं, भन्ने प्रश्न खडा गरेको छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि मे महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगाको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219